नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक सिफारिस सम्बन्धी मापदण्ड, २०८३

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन, २०३९ को दफा ११ को उपदफा (२) बमोजिम नेपाल सरकारबाट हुने नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक नियुक्ति प्रक्रियालाई व्यवस्थित गर्न आवश्यक भएकोले नेपाल सरकार, मन्त्रिपरिषद्ले यो मापदण्ड बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस मापदण्डको नाम "नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक सिफारिस सम्बन्धी मापदण्ड, २०८३" रहेको छ।

(२) यो मापदण्ड नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "ऐन" भन्नाले नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन, २०३९ सम्झनुपर्छ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले प्रतिष्ठानको प्रमुख कार्यकारी पदमा नियुक्त हुने व्यक्ति सम्झनुपर्छ।

(ग) "प्रतिष्ठान" भन्नाले ऐनको दफा ३ बमोजिमको नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान सम्झनुपर्छ।

(घ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनुपर्छ।

(ङ) "सिफारिस समिति" भन्नाले दफा ३ बमोजिम गठित सिफारिस समिति सम्झनुपर्छ।

३. <u>सिफारिस समितिः</u> (१) कार्यकारी निर्देशक नियुक्तिका लागि नेपाल सरकार, मन्त्रिपरिषद्समक्ष सिफारिस गर्न देहायबमोजिमको सिफारिस समिति रहनेछः

(क) राष्ट्रिय योजना आयोगको उपाध्यक्षले तोकेको राष्ट्रिय योजना आयोगको सदस्य -अध्यक्ष

(ख) मन्त्रालयको सचिव -सदस्य

(ग) प्रशिक्षण, प्राध्यापन वा अनुसन्धान क्षेत्रका विषयविज्ञमध्ये मन्त्रालयले तोकेको एक जना -सदस्य

(२) सिफारिस समितिको सचिवालयको काम मन्त्रालयको प्रशासन सुधार महाशाखाले गर्नेछ।

४. <u>न्यूनतम योग्यता तथा अनुभवः</u> कार्यकारी निर्देशक पदमा दरखास्त दिन देहायबमोजिमको न्यूनतम योग्यता तथा अनुभव पुगेको हुनुपर्नेछः

(क) सार्वजनिक प्रशासन, व्यवस्थापन, सार्वजनिक नीति तथा शासकीय प्रबन्ध. सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(ख) सरकारी निकाय वा विश्वविद्यालयको विशिष्ट श्रेणीमा रही काम गरेको वा तालिम प्रदायक संस्था वा अन्य संगठित संस्थाको कार्यकारी पदमा कम्तीमा पाँच वर्षको कार्य अनुभव प्राप्त गरेको।

(ग) चालीस वर्ष उमेर पूरा भई साठी वर्ष ननाघेको



चन्द्रकला पौडेल
सचिव

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, बहुपक्षीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

५. **नियुक्तिको लागि अयोग्यता:** देहायको व्यक्ति कार्यकारी निर्देशक पदमा दरखास्त दिन अयोग्य हुनेछः

(क) गैर नेपाली नागरिक,

(ख) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(ग) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन वा सार्वजनिक पदको दुरुपयोग सम्बन्धी कसूरमा अदालतबाट दोषी ठहर भएको वा कुनै नैतिक पतन देखिने फौजदारी सजाय पाएको,

(घ) अन्य प्रचलित कानून बमोजिम सार्वजनिक पद धारण गर्न अयोग्य रहेको।

६. **दरखास्त सम्बन्धी व्यवस्थाः** कार्यकारी निर्देशक पदको लागि देहायबमोजिम दरखास्त आह्वान गरिनेछः

(क) मन्त्रालयले वेबसाइटमा सात दिनको समय दिई दरखास्त आह्वानको लागि सूचना प्रकाशन गर्नेछ।

(ख) पेश हुन आएका दरखास्तहरू मध्ये दफा ४ बमोजिम योग्यता पुगेका र दफा ५ बमोजिम अयोग्य नभएका उम्मेदवारहरूको सूची एक हप्ता भित्र वर्णानुक्रम अनुसार प्रकाशन गर्नेछ।

७. **उम्मेदवारको मूल्याङ्कनका आधारः** (१) दफा ६ बमोजिम प्रकाशित सूचीका उमेदवारहरूको मूल्याङ्कन देहायका आधारमा गरिनेछः

(क) प्रतिष्ठानको दीर्घकालीन सोचसहितको रणनीतिक कार्ययोजना (Strategic Plan of Actions) को मूल्याङ्कन बापत -३० अङ्क

(ख) रणनीतिक योजनाको प्रस्तुतीकरण तथा छलफल बापत -२० अङ्क

(२) उपदफा (१) बमोजिम उम्मेदवारको मूल्याङ्कन गर्दा लिइने खण्डिकृत आधार र सोको अङ्कभार सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ।

८. **सिफारिस सम्बन्धी व्यवस्थाः** (१) सिफारिस समितिले दफा ७ बमोजिमको मूल्याङ्कनबाट न्यूनतम साठी प्रतिशत अङ्क प्राप्त गर्ने उम्मेदवारहरू मध्येबाट सबैभन्दा बढी अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवारहरूको नाम र प्राप्ताङ्क सहितको प्राथमिकता सूची मन्त्रालयसमक्ष सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम समितिले सिफारिस गरेको प्राथमिकता सूची मन्त्रालयले निर्णयका लागि नेपाल सरकार, मन्त्रिपरिषद्समक्ष पेश गर्नेछ।

९. **व्याख्या गर्ने अधिकारः** यस मापदण्डको कुनै व्यवस्था कार्यान्वयनमा द्विविधा उत्पन्न भएमा सोको व्याख्या गर्ने अधिकार मन्त्रालयलाई हुनेछ।

चन्द्रकला पौडेल
सचिव